# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक ३१९ | काठमाडौं | सोमबार, ६ चैत २०७९ | Prabhab National Daily | Monday, March 20, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

**सचेत बनौं, डढेलोवाट आफू पनि वचौ र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


स्वविवु निर्वाचन

## एमालेनिकट अनेरास्वविवु अगाडि



**काठमाडौं (प्रस)-** त्रिभुवन विश्वविद्यालय (त्रिवि) अन्तर्गतका क्याम्पसहरूमा आइतबार भएको स्वतन्त्र विद्यार्थी युनियन (स्वविवु) निर्वाचनको मत परिणाम आउने क्रम जारी छ । करिब १४ वर्षपछि देशभरका त्रिविका ६२ आंगिक क्याम्पस र एक हजार ४० क्याम्पसमा स्वविवु निर्वाचन भएको हो । जसमध्ये आइतबार राति यो समाचार तयार पार्दासम्म ६० वटा क्याम्पसको मतपरिणाम सार्वजनिक भएका छन् ।

नेकपा एमालेनिकट अनेरास्वविवुले ३० वटा क्याम्पसमा सभापति जित्दै पहिलो स्थान ओगटेको छ । अनेरास्वविवुले काठमाडौंको पिपुल्स क्याम्पससहित ३० वटामा सभापति जितेको हो ।

माओवादी केन्द्रनिकट अखिल क्रान्तिकारी दोस्रो स्थानमा छ । उसले १२ वटा क्याम्पसमा सभापति जितेको छ । नेपाली कांग्रेसनिकट नेविसंघले केन्द्रीय क्याम्पस कीर्तिपुर र थापाथली इन्जिनियरिङ क्याम्पससहित देशभर १३ क्याम्पसमा जित हात पारेको छ ।

यसैगरी नेकपा एकीकृत समाजवादीनिकट अनेरास्वविवूले तीन तथा जनमोर्चानिकट अखिल छैटौं र विप्लव नेकपानिकट अखिल क्रान्तिकारीले एक-एक वटा क्याम्पसमा सभापति जितेका छन् । अन्य क्याम्पसहरूको मतपरिणाम आउने क्रम जारी छ ।

## संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संसद्मा पेस

**काठमाडौं (प्रस)-** सरकारले 'बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९' प्रतिनिधिसभा बैठकमा पेस गरेको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रधानमन्त्री एवं कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पुष्पकमल दाहालको तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले 'बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९' पेस गरेकी हुन् । यो विधेयक दुवै आयोगको २०७१ को ऐनलाई प्रतिस्थापन गर्न (बाँकी पृष्ठ ५ मा)

# दोस्रोपटक विश्वासको मत लिँदै

- १० दलको साथ पाउँदा सहज स्थितिमा प्रधानमन्त्री दाहाल
- २६ पुसमा २६८ जना सांसदबाट विश्वासको मत पाएका थिए

■ जेबी योञ्जन

**काठमाडौं-** प्रधानमन्त्री पुष्पकमल दाहालले दुई महिना एक सातापछि आज फेरि प्रतिनिधिसभामा विश्वासको मत लिँदै छन् । प्रतिनिधिसभाको दोस्रो दल नेकपा एमाले र पाँचौं दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री दाहालले विश्वासको मत लिन लागेका हुन् ।

प्रतिनिधिसभा बैठक दिउँसो १ बजे बस्दै छ । सोही बैठकमा प्रधानमन्त्री दाहालले विश्वासको मत लिने प्रस्ताव पेस हुने संघीय संसद् सचिवालयले जनाएको छ । संविधानको धारा ७६ को उपधारा (२) अनुसारको दाहाल सरकारले सोही उपधाराको (४) लाई टेकेर विश्वासको मत लिन लागेका हुन् ।

यसअघि २६ पुसमा दाहालले प्रधानमन्त्री नियुक्त भएको १६औं दिनमा विश्वासको मत लिएका थिए । त्यसबेला २६८ जना सांसदको विश्वासको मत पाए थिए । दाहाललाई विश्वासको मत नदिने दुई जना सांसद नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसी थिए ।

आज भने उनले कति सांसदको विश्वासको मत पाउँछन् ? विश्वासको मतसम्बन्धी प्रस्तावमा मत विभाजन नभईकन निर्क्योल गर्न सकिँदैन । तर, उनले विश्वासको मत पाउने भने लगभग सुनिश्चित देखिएको छ ।

प्रतिनिधिसभाको पहिलो दल नेपाली कांग्रेसले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिने निर्णय केन्द्रीय कार्यसम्पादन समितिको बैठकबाट आइतबार गऱ्यो । बैठकपछि सहमहामन्त्री भीष्मराज आङ्देम्बेले प्रभावसँग भने, 'पाँचै वर्ष सरकार टिकाउन हामी प्रधानमन्त्री दाहालजीलाई विश्वसाको मत दिन्छौं । यसअघि पनि हामीले दिएकै हौं ।'

प्रतिनिधिसभामा कांग्रेसको ८७ जना सांसद छन् । सांसद रामचन्द्र पौडेलले राष्ट्रपति निर्वाचनअघि पदबाट राजीनामा दिए । अर्का सांसद टेकबहादुर गुरुङ भ्रष्टाचारसम्बन्धी मुद्दामा दोषी ठहरिएपछि निलम्बित छन् । प्रधानमन्त्री दाहालको दल नेकपा माओवादी केन्द्रसँग ३२ जना सांसद छन् । यसरी कांग्रेस र माओवादी दुई दलका सांसद ११९ जना छन् ।




प्रतिनिधिसभामा १९ सिट रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), १०-१० जना सांसद रहेका दल जनता समाजवादी पार्टी र एकीकृत समाजवादी पार्टीले दाहाललाई विश्वासको मत दिने निर्णय गरिसकेका छन् । यी दुई दलको मत पाउनेबित्तिकै दाहालको सरकार जोगिने देखिएको छ । किनभने, कांग्रेस, माओवादी, रास्वपा, जसपा र एकीकृत समाजवादीको सांसद संख्या १५८ पुग्छ । यो विश्वासको मतका लागि आवश्यक सांसद संख्याभन्दा बढी हो ।

अझ जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी (नाउपा), राष्ट्रिय जनमोर्चा र आम जनता पार्टी (आजपा)ले पनि विश्वासको मत दिने भएका छन् । जनमतको छ जना, लोसपाको चार जना, नाउपाको चार जना, जनमोर्चा र आजपाको समान एक/एक जना सांसद छन् । यी साना दलहरूको कूल सांसद संख्या १६ जना छन् । यसो हुँदा दाहालले विश्वासको मत १७४ जनाको पाउने देखिएको छ ।

स्वतन्त्र सांसदहरू डा. अमरेशकुमार सिंह र योगेन्द्र मण्डलले दाहाललाई विश्वासको मत दिने/नदिने खुलेको छैन । यदि उनीहरूकोसमेत मत दिएको अवस्थामा दाहालले अझ बढी सांसदको विश्वासको मत पाउने देखिन्छ ।

एकीकृत समाजवादीको संसदीय दलका प्रमुख सचेतक प्रकाश ज्वालाले दाहाललाई विश्वासको मत दिएर गठबन्धन सरकार जोगाउने बताए । 'हामी जसरी कोर्स करेक्सन गर्दै अघि बढ्यौं । आगामी पाँच वर्षसम्म सँगै सहयात्रा गर्न हामीले चाहेका छौं,' उनले भने, 'त्यही भएर हामीले प्रधानमन्त्रीजीलाई विश्वासको मत दिन्छौं । सचिवालय बैठकबाट निर्णय भइसक्यो ।' (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# फागुनमा ६२ हजारले लिए श्रम स्वीकृति

## मलेसिया अग्रस्थानमा कायमै

■ प्रभाव संवाददाता


**काठमाडौं-** चालु आर्थिक वर्षको आठौं महिना अर्थात् फागुनमा वैदेशिक रोजगारीका लागि करिब ६२ हजार नेपालीले श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको विवरणअनुसार फागुनमा रोजगारीका लागि विदेश जान ६१ हजार ८४५ जना नेपालीले अन्तिम श्रम स्वीकृति लिएका हुन् ।

विभागको तथ्यांकअनुसार फागुनमा रोजगारीका लागि विदेशिने नेपालीहरूको संख्या माघको भन्दा दुई हजार ४३९ ले कम हो । माघमा ६४ हजार २८४ जनाले रोजगारीका लागि विदेश जान श्रम स्वीकृति लिएको विभागको तथ्यांकले देखाएको छ । यसभन्दा अघिल्लो महिना पुसमा ६५ हजार ४६४ जनाले श्रम स्वीकृति लिएका थिए । अझ मंसिर महिनामा ६८ हजारभन्दा बढीले श्रम स्वीकृति लिएको देखिन्छ । गत आर्थिक वर्षबाट पुरानै लयमा फर्किएको वैदेशिक रोजगारीको यात्रा मंसिरबाट खस्किँदै गएको विभागको तथ्यांकले देखाएको छ ।

चालु आवको सुरुआतदेखि नै पहिलो गन्तव्य बनेको मलेसिया जाने नेपाली कामदारहरूको संख्या पनि खस्किँदै गएको देखिएको छ । माघ महिनाको तुलनामा फागुनमा ४१ जना बढी अर्थात् १९ हजार ८२४ जनाले श्रम स्वीकृति लिए पनि अघिल्ला महिनाहरूको तुलनामा न्यून रहेको विभागको तथ्यांकमा उल्लेख छ । पुसमा २० हजार ३३९ र मंसिरमा ३० हजार ५४० जनाले मलेसिया जना श्रम स्वीकृति लिएका थिए ।

यद्यपि, विभागले दिएको श्रम स्वीकृतिको आधारमा विदेशिने नेपालीहरूका लागि अझै पनि मलेसिया अन्य मुलुकभन्दा अग्रस्थानमा रहेको छ । गत आवमा पाँचौं श्रम गन्तव्य बन्न पुगेको मलेसियाले यस वर्ष निरन्तर पहिलो स्थान ओगटेको छ । आप्रवासी कामदारको चर्को अभाव झेलिरहेको मलेसियाले नेपाली कामदारलाई प्राथमिकता दिँदै आएको छ भने नेपालबाट अधिक कामदार आपूर्ति गर्ने नीति लिएको छ ।

यसैगरी फागुन महिनामा रोजगारीका लागि कतार जान ११ हजार ३०३ जनाले श्रम स्वीकृति लिएका छन् । कतार जाने नेपालीहरूको संख्यामा पनि क्रमिकरूपमा गिरावट आएको देखिन्छ । विभागको तथ्यांकअनुसार कतार जान गत माघ महिनामा १२ हजार ७०४ जनाले स्वीकृति लिएका थिए भने अघिल्लो पुस महिनामा १३ हजार ६६ जनाले श्रम स्वीकृति लिएको उल्लेख छ । यस्तै संयुक्त अरब इमिरेट्स (युएई)मा नौ हजार ७९५, साउदी अरेबियामा नौ हजार ५०३ र कुवेतमा दुई हजार ४६२ जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ । साउदी र कुवेत जाने नेपालीको संख्यामा गत महिनाभन्दा गिरावट आएको देखिन्छ । उल्लिखित यी पाँच देशमा जाने नेपाली कामदारको संख्यामा कमी आए पनि वैदेशिक रोजगारको ठूलो हिस्सा ओगटेको विभागको तथ्यांकले देखाएको छ ।




वैदेशिक रोजगारीमा जान फागुन महिनामा श्रम स्वीकृति लिएका मुख्य गन्तव्य मुलुक र श्रम स्वीकृति लिनेको संख्या ।

*स्रोतः वैदेशिक रोजगार विभाग*

त्यस्तै माल्टामा २७०, रोमानियामा एक हजार ७०, पोल्याण्ड ६००, बहराइनमा ५९५, जापानमा ८७१, क्रोएसियामा ५५७, साइप्रसमा ४५५ र ओमानमा ४६५ जनाले रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् । श्रम स्वीकृति लिएर युरोपेली मुलुक जाने नेपालीको संख्या पनि घट्दै गएको विभागको तथ्यांकले देखाएको छ । यस्तै इपिएस प्रणालीबाहेक श्रम स्वीकृति लिएर दक्षिण कोरिया जाने नेपालीको संख्या दुई हजार २२७ रहेको छ ।

विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने २४ हजार ८५१ जना छन् । पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३६ हजार ९९४ जना रहेको छ । समग्रमा रोजगारीका लागि विदेश जान फागुन महिनामा श्रम स्वीकृति लिनेमध्ये पाँच हजार १२६ जना महिला रहेको विभागले उल्लेख गरेको छ ।

विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार जिल्लागतरूपमा धनुषाबाट सबैभन्दा बढी रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ भने झापा दोस्रो स्थानमा रहेको छ । यस्तै मोरङ र सिरहा तेस्रो र चौथो छन् भने महोत्तरी पाँचौ स्थानमा रहेको छ । सुनसरी, सर्लाही, बारा, रौतहट, पर्सा र सप्तरीबाट पनि विदेश जानेको संख्या ठूलो रहेको छ । रूपन्देही, तनहुँ, कपिलवस्तु, मकवानपुर, दाङ, डडेलधुरा, चितवन, बागलुङ, स्याङ्जा र नवलपरासी पूर्वबाट पनि उल्लेख्य मात्रामा नेपालीहरू विदेश गएको विभागले जनाएको छ । चालु आर्थिक वर्षको सुरुदेखि नै रोजगारीका लागि विदेशिने नेपालीको संख्यामा वृद्धि हुँदा यो आठ महिनाको अवधिमा पाँच लाख ४२ हजारले श्रम स्वीकृति लिएको विभागले जनाएको छ । यस अवधिमा सबैभन्दा बढी कात्तिक महिनामा ७८ हजार बढीले श्रम स्वीकृति लिएको विभागको तथ्यांकले देखाएको छ ।


**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# वर्षात्को पानी सदुपयोग गर्ने वैज्ञानिक उपायको खोजी

■ रमेश लम्साल

**काठमाडौं–** नेपालमा उत्पन्न पानीको संकट र त्यसलाई न्यूनीकरण गर्ने उपायको खोजी गरी कार्यान्वयन गर्ने उद्देश्यका साथ विश्व पानी दिवसका अवसरमा 'वर्षात्को पानी संकलन: पानी सुरक्षण र जलवायु परिवर्तनको असरको सम्बोधन' विषयक दुई दिवसीय राष्ट्रिय सम्मेलन आइतबारदेखि सुरु भएको छ ।

वर्षात्को पानी संकलन गरी दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउने, जलवायु परिवर्तनको असर न्यूनीकरण तथा जल उत्पन्न प्रकोपलाई क्रमश: कम गर्दै आमजनतामा पानीको महत्त्वका बारेमा चेतना जगाउने लक्ष्यका साथ सम्मेलनको आयोजना गरिएको सम्मेलन आयोजक समितिका अध्यक्ष रामदीप साहले जानकारी दिए ।

खानेपानी आपूर्ति मात्रै नभई नेपालको आर्थिक विकास, दिगो विकास, जलविद्युत् उत्पादन, पर्यटन र औद्योगिक विकासका लागि पानीको व्यवस्थापन महत्त्वपूर्ण रहेकाले सम्मेलनमा वर्षात्को पानीको उपयुक्त व्यवस्थापन जरुरी रहेको सम्मेलनमा जोड दिइएको छ । मनसुनको पानीले पहाडी र तराई क्षेत्रमा पानीको पुन:भरण गराई मानव जीवनका अलावा वातावरणका लागि पनि आवश्यक पानी उपलब्ध हुँदै आएको छ ।

सम्मेलनलाई सम्बोधन गर्दै खानेपानी मन्त्रालयका सचिव मणिराम गेलालले काठमाडौं उपत्यकाको खानेपानी समस्याको समाधानका लागि भनेर अगाडि बढाइएको मेलम्ची खानेपानी परियोजनाको दीर्घजीवनमा नै समस्या पैदा भएको बताए । उनले मेलम्ची बाढीका कारण आयोजना समस्या आएको तथा लार्के र यांग्रीको पानी थप गर्ने विषयमा दातृ निकायले पनि भौगर्भिक जोखिमका बारेमा तत्काल कुनै निर्णय लिन नसकेको उल्लेख गरे ।

हरेक घरमा सौर्य प्रणाली जडान गरेजस्तै काठमाडौं उपत्यकाभित्रका घरमा पनि वर्षात्को पानी सदुपयोग गर्ने प्रणाली राख्नुपर्ने उनको भनाइ छ । मेलम्चीको पानीको प्रयोगपछि त्यसको उचित व्यवस्थापन र प्रशोधनमा ध्यान दिने लक्ष्यका साथ मन्त्रालयले काम गरिरहेको भए पनि त्यसका लागि सबै निकायको सार्थक सहयोग जरुरी रहेको सचिव गेलालको भनाइ छ ।

वर्षात्को पानीको सदुपयोग, नदी स्थानान्तरण तथा पुन:भरणका लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थाका अलावा हरेक नागरिक उत्तिकै जिम्मेवार बन्नुपर्ने सचिव गेलालको जोड छ। जलवायु परिवर्तनका कारण पानीको स्रोतमा नै समस्या खडा भएको, ठूलो ऊर्जाको स्रोत प्रयोग गरेर माथिल्लो क्षेत्रमा पानी तान्नुपरेको उल्लेख गर्दै उनले सरकार एक्लैले अब पानीको व्यवस्थापन गर्न नसक्ने अवस्था आएको बताए ।

काठमाडौं उपत्यकामा आइपुगेको मेलम्चीको पानी चक्रपथ वरपर मात्रै वितरण गर्न र त्यसको सञ्जाल बनाउनका लागिमात्रै सरकारले ३० अर्ब रूपैयाँ बराबरको लगानी गर्नुपर्ने अध्ययनले देखाएको उनको भनाइ छ ।

चालु आवमा मन्त्रालयले २० अर्ब रूपैयाँ बराबरको बजेट पाएको भए पनि आगामी आवका लागि १३ अर्ब रूपैयाँ बराबरको मात्रै बजेट सीमा रहेकाले खानेपानीमा काम गर्न थप जटिलता पैदा हुने बताए । पूर्वमन्त्री गणेश साहले तीनै तहका सरकारले आफ्नो कार्यक्षेत्र स्पष्ट पारेर खानेपानीको क्षेत्रमा दीर्घकालीन सोंचका साथ काम गर्नुपर्ने बताए । उनले पानीका स्रोतमा देखिएको संकुचनलाई कम गर्दै वर्षात्को पानी बहुउपयोग गर्नेतर्फ तत्कालै कदम चाल्न सुझाव दिए ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकूलपति सुनिलबाबु श्रेष्ठले पानीको महत्त्व दर्शाउने र यस क्षेत्रमा कार्य र संघसंस्थाका अलावा सरकारकोसमेत साझा मत बनाउने लक्ष्यका साथ सम्मेलन आयोजना गरिएको जानकारी दिए । पानीको प्रयोग, पुन:प्रयोग तथा वर्षात्को पानीको सदुपयोग कसरी गर्न सकिन्छ भन्नेबारेमा यस्ता सम्मेलनले महत्त्वपूर्ण सन्देश दिने उनको भनाइ छ ।

विकासका नाममा वातावरणीय क्षेत्रको ख्याल नै नगरी डोजरमार्फत बाटो र अन्य पूर्वाधार निर्माणलाई तीव्र पारिँदा पहाडी तथा हिमाली क्षेत्रमा पानीका मुहान सुकेका छन् भने पानी संकटको आमन्त्रण गरिरहेको छ ।

विश्वमा तीन अर्ब बढी मानिसले पानीको अभाव बेहोरिरहेका तथ्यांक छ । हरेक वर्ष बाढीले प्रभावित हुनेको संख्या पाँच लाखले बढ्ने गरेको छ । खानेपानीको अभाव र कम भरपर्दो वर्षाका कारण द्वन्द्व चर्कने र बसाइँसराइ हुने र विश्वका धेरै स्थानमा भोकमरी हुने अवस्था सिर्जना भएको छ। पानी व्यवस्थापनका नवीनतम ज्ञान र प्रविधिको खोजी जरुरी रहेको सम्मेलनका आयोजकले जोड दिएका छन् । सम्मेलनमा विभिन्न चार प्राविधिक सत्र हुने छन् । सम्मेलनको अन्त्यमा काठमाडौं घोषणापत्र जारी हुनेछ ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् १९९२ मा हरेक वर्षको मार्च २२ लाई विश्व पानी दिवसका रूपमा मनाउने प्रस्ताव २२ डिसेम्बरमा पारित गरेको थियो । सन् १९९३ देखि हरेक वर्ष विश्व पानी दिवस मनाइँदै आएको छ । यस वर्षको पानी दिवसको नारा 'परिवर्तनलाई गति दिँदै' भन्ने रहेको छ ।

संयुक्त राष्ट्रसंघले दिगो विकासका लागि पानी संकटका कारणको खोजी, पुन:भरण र वर्षात्को पानी संकलन, पुन: उपयोगलगायतका विषयमा नीति निर्माण र विश्वव्यापीरूपमा छलफल गराउँदै आएको छ। पानीको संकटका कारणको खोजी गरी समाधानका उपाय पहिल्याउने, असमान पहुँचको अन्त्य गर्ने तथा त्यससँग जोडिएको मानव अधिकारको सुनिश्चितता गराउनेतर्फ ध्यान दिन सम्मेलनले महत्त्वपूर्ण आधार तयार पार्ने विश्वास लिइएको छ ।

यस्तै वर्षात्को पानी संकलनमा नगर तहको नेतृत्व विकास, अनुदान कोषको व्यवस्था, पानी संकलनका प्रविधि र उपयोग, नीति र मार्गनिर्देशन, त्यसको सामाजिक र आर्थिक लाभलगायत दुई दर्जन बढी विषयमा छलफल हुने आयोजक स्मार्ट वास सोलुसनका अध्यक्ष रामदीप साहले जानकारी दिए । *रासस*

## दोस्रोपटक...

पृष्ठ १ बाट जारी

प्रधानमन्त्री दाहाललाई ७९ सिट रहेको नेकपा एमालेले भने विश्वासको मत नदिने भएको छ । १२ फागुनमा तत्कालीन सत्ता गठबन्धनबाहिरको दल कांग्रेसका नेता रामचन्द्र पौडेललाई प्रधानमन्त्री दाहालले उम्मेदवार बनाउन तयार भएपछि एमाले रुष्ट भएको थियो । त्यसको पाँचौं दिनमै १७ फागुनमा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लियो। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले भने एमालेले भन्दा चार दिनअघि १३ फागुनमै सरकारलाई दिएको समर्थन फिर्ता लिएको र उक्त दलले पनि दाहाललाई विश्वासको मत नदिने भएको छ ।

प्रवक्ता सगुनसुन्दर लावतीले पार्टी विश्वासको मत नदिई प्रतिपक्षमा बस्ने बताए । उनले भनेका छन्, 'अब हामी संसद्मा जनताको आवाज उठाउँछौं । यही भूमिकामा राप्रपालाई देखिन्छ ।'

प्रतिनिधिसभामा हाल २७० जना सांसद छन् । जसपा सांसद सहनाज रहमानको निधनपछि उक्त दलले मञ्जु अन्सारीलाई सिफारिस गर्‍यो तर पनि उनलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराइएको छैन । रास्वपाका सांसद रवि लामिछाने पदमुक्त छन् । यसले गर्दा प्रतिनिधिसभामा बहालवाला सांसद संख्या २७० हो । जसअनुसार प्रधानमन्त्री दाहाललाई सरकार जोगाउन कम्तीमा १३६ सांसदको विश्वासको मत आवश्यक पर्छ ।

## मोटरसाइकल हराएको सूचना

**आत्माराम पोखरेल**को नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७९।१२।०२ गते का.जि. किर्तिपुर न.पा.-१० स्थित रहेको टि.यु. क्रिकेट ग्राउण्ड बाहिर पार्किङ गरी राखेको ठाउँबाट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – बजाज कम्पनीको पल्सर 150 CC
मो.सा. नं: Bagmati Province 02-042 Pa 0281
चेसिस नं. MD2ALLCXONPC19116
इन्जिन नं. DHXRN69986
रङ्ग – कालो/रातो
सम्पर्क – 9849464181

## नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त
## एशियन क्यापिटल लि.
पुतलीसडक, काठमाण्डौ, नेपाल

### हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

यस एशियन क्यापिटल लि. को मिति २०७९/११/६ को विशेष साधारणसभाको निर्णय अनुसार साविक शेयरधनीहरुका लागि १० शेयर बराबर ११ शेयर (१:१.१०) को अनुपातको प्रति शेयर रु १००/ अंकित दरका हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला यही मिति २०७९/१२/०८ देखि २०८०/१/१२ सम्म भईरहेको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्य जानकारीका लागि कम्पनीमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

आज्ञाले
कम्पनी सचिव


## युरोपको ROMANIA मा रोजगारको अवसर

१.कम्पनी: RTH Premium Services SRL,Bucharest, Romania

पुर्व स्वीकृति मितिः 2023/02/23 L.T. NO.: 281376 चलानी नं. 60197107

| सि. नं. | कामदारको पद | माग संख्या पु | माग संख्या म | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना, बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 15 | - | 650 | 85,800 | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 10 | - | 550 | 72,600 | | | | | | |
| 3 | Room Attendant | 15 | 10 | 550 | 72,600 | | | | | | |
| 4 | Steward | 15 | - | 550 | 72,600 | | | | | | |
| 5 | Cleaner | 25 | 10 | 550 | 72,600 | | | | | | |
| 6 | General Worker | 20 | - | 550 | 72,600 | | | | | | |

प्रि अन्तरबार्ता धमाधम भैरहेको छ। फाइलन अन्तरबार्ता २०७९ चैत्र१३,१४ गते कम्पनीको कार्यालयमा हुनेछ।
अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोन रु ७०० कामदार आफैले र कल्याणकारी कोष सम्वन्धी व्यवस्था रु १५०० कामदार आफैले दिने

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | निसुल्क | ने.रु २७५०० |

**श्रम तथा रोजगार प्रवद्धन विभागबाट गराईएको जानकारी** १.आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४.विदेश जानु अगि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५.विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गनुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जाँदा नेपालमै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नु परे श्रम तथा रोजगार प्रवद्धन विभाग, बानेश्वरमा सम्पर्क राख्नु होला।

Lic.No: 288/058/059

**स्टेभाण्ड गोर्खा ओभरसिज प्रा.लि**
सानेपा ०३, झम्सीखेल,(विगमार्ट सँगै ) ललितपुर ,नेपाल
फोन नं: ५४५१३०९, ५४५१३१०
Email: new.stevand@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIVERSIFIED LINES FOR PETROLEUM SERVICES (DLPS)

पूर्व स्वीकृति मिति : २०७९/०७/०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०५ LT. No. 274362 चलानी नं. ६०१८९९४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Die Carpenter | 4 | 0 | 1200 | ४१,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.** श्रम ईजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAPPY ALLIANCE (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/१४ पुन: स्वीकृति मिति २०७९/०३/१४ LT No.265942 चलानी नं.६०१८१९७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 9 | 0 | 1500 | ४३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: चैत्र १३ गते (27th March. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kingfisher Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABUDHABI NATIONAL OIL COMPANY ADNOC

पूर्व स्वीकृति मिति २०७९/१०/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०५ LT. No. 280569 चलानी नं. ६०१९६०७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | C Store Attendant | 98 | 100 | 1215 | ४३,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Coffee Maker/senior Coffee Maker | 100 | 100 | 1215 | ४३,७१० | | | | | | | |
| 3 | Sales Attendant /sales Representative | 442 | 0 | 1215 | ४३,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

LF RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

**Leading Foreign Recruitment Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4111294, 9801077916, 9801814599, 9809393765
E-mail: cvlink03@gmail.com, hospitallity.lfr@gmail.com, Web: www.lefrn.com



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: MUSANADA TRANSPORT COMPANY IS ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/०५ LT. No. 282961 चलानी नं. ६०१९८३८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 2 | 0 | 2000 | ६९,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NOOR FOR TRADING CLEANING & SERVICES

पूर्व स्वीकृति मिति २०७९/११/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०५ LT. No. 281278 चलानी नं. ६०१९६७८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 0 | 1 | 1000 | ३५,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 1 | 1000 | ३५,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic.No-1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com


## MASTA RURAL MUNICIPALITY
### OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
BHATEKHOLA, BAJHANG
SUDURPASCHIM PROVINCE

# Invitation for Bid

Date of publication: (March-20,2023)

1. The Masta Rural Municipality Bhatekhola, Bajhang invites Online Bids from eligible bidders for the Construction of the following works.

| Contract Identification no. | Description Of Work | Estimated Amount (Exclusive VAT) | Bid Doc. Fee NRS | Bid Security Validity NRS | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| MRM-DWS-2079/ 80-08 | Khetkot, ukali,tingau,dhur illa,tuti one house one tap tatha Sarsafai yojana. (Tuti & Ganji Basti) | 5,451,986.29/- | 3000.00/- | 163,600/- | 120 days | |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp.

| Last Date and Time For Bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date: April-19,2023 12:00 Noon Cash | Date: April-19,2023 12:00 Noon | Date:April-19,2023 13:00 hour |

| Cash Deposit For Purchases of Bid Document | | Cash Deposit For Bid Security | |
|---|---|---|---|
| Bank | RastriyaBanijyaBank, Bajhang | Bank | RastriyaBanijyaBank, Bajhang |
| Account Name | Masta Rural Municipality | Account Name | Masta Rural Municipality |
| Account Number | 4110100301010006 | Account Number | 4110100303000006 |
| Office Code | 801077010 | Office Code | 801077010 |
| Revenue Head | 31159 | Revenue Head | 31159 |

Engineer
Deepak Bahadur Bohara

For Chief Administrative Officer
Amar Bahadur Jethara

# आमसञ्चार सुझाव समितिले थाल्यो काम



■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गठन गरेको आमसञ्चार सुझाव समितिले काम थालेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको उपस्थितिमा पहिलो बैठक गरी समितिले काम थालेको हो ।

समितिको बैठकलाई सम्बोधन गर्दै मन्त्री शर्माले राजनीतिक परिवर्तन र संविधानको मर्मअनुरूप सञ्चार क्षेत्रमा धेरै कानुन निर्माण गर्न बाँकी रहेकाले यसका लागि तयारी गर्न समिति गठन गरिएको बताइन् । ‘व्यवस्था बदलियो, संविधान फेरियो र धेरै क्षेत्रमा कानुन पनि फेरिएका छन्,’ उनले भनिन्, ‘तर, सञ्चार र सूचना प्रविधिको क्षेत्रमा धेरै कानुन परिवर्तन गर्न बाँकी रहेकाले हामीले यसलाई प्राथमिकताका साथ अघि बढाएका छौं ।’

सरकारले आमसञ्चारको क्षेत्रमा यो समितिसँग ठूलो आशा गरेको उल्लेख गर्दै मन्त्री शर्माले आमसञ्चार क्षेत्रमा सुधारका लागि आवश्यक सुझाव प्राप्त गर्ने विश्वास व्यक्त गरिन् । बदलिएको व्यवस्था र राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेशलाई सम्बोधन गर्ने कानुन परिवर्तन सरकारको प्राथमिकतामा रहेको उनले प्रस्ट पारिन् । सञ्चारसँग सम्बन्धित केही विधेयक संसद्को चालु अधिवेशनबाटै पारित गर्ने सरकारको तयारी रहेको जानकारी गराउँदै उनले बाँकी विधेयक पनि अर्को अधिवेशनबाट अघि बढाउने बताइन् ।

समितिका संयोजक डा. सुरेश आचार्यले समितिले पाएको जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । प्रारम्भिक मस्यौदा तयार गरेर सरोकारवालासँग छलफल गरी अन्तिम प्रतिवेदन तयार पार्ने पनि उनले जानकारी दिए ।

सरकारले आमसञ्चार क्षेत्रको समग्र सुधारका लागि नीति, कानुन तथा नियमनका विषयमा सुझाव दिन समिति गठन गरेको थियो । नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष डा. आचार्यको संयोजकत्वमा समिति गठन गरिएको हो । समितिमा महासंघका वर्तमान अध्यक्ष विपुल पोखेल, पूर्वअध्यक्षद्वय गोविन्द आचार्य र डा. महेन्द्र विष्ट तथा पत्रकार बबिता बस्नेत सदस्य रहेको छन् ।

# आदर्श पत्रकारिता पुरस्कार घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले ‘आदर्श पत्रकारिता पुरस्कार घोषणा’ गरेको छ । शाखाको यही चैत ३ र ४ गते जहरसिंहपौवामा बसेको बैठकले उक्त पुरस्कारबारे निर्णय गरेको हो । पुरस्कार एक लाख एक हजार १११ रूपैयाँ राशिको हुने जानकारी दिइएको छ ।

‘महासंघ काठमाडौं शाखाको सदस्य रही निरन्तर पत्रकारिता क्षेत्रको आदर्श र गौरवलाई उच्च राख्ने आदर्श पत्रकारलाई यो पुरस्कार दिइनेछ,’ शाखाका कार्यसमिति सदस्य रमेशकुमार बोहोराले जानकारी दिए । चैत २५ गते हुने साधारणसभाको अवसरमा उक्त पुरस्कार वितरण गरिने उनले बताए ।

बैठकले साधारणसभा सम्पन्न गर्न अध्यक्ष सूर्य सुवेदीको संयोजकत्वमा ५१ सदस्यीय समिति बनाउने निर्णय गरेको छ । कार्यसमिति सदस्य बोहोराको संयोजकत्वमा भित्ते पात्रो प्रकाशन समितिसमेत गठन गरेको छ । बैठकले समसामयिक विषयमा नौ बुँदे शंखरापुर घोषणापत्र जारी गरेको कार्यसमिति सदस्य बोहोराले जानकारी दिए । उनका अनुसार घोषणामा श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक दोब्बर बनाउनुपर्ने, लोककल्याणकारी बिज्ञापन बापतको रकम दोब्बर बनाउनुपर्ने, साना लगानी तथा स्वरोजगारमूलक सञ्चारमाध्यमलाई प्रदान गरिँदै आएको सहुलियतपूर्ण ऋणलाई १० लाख रूपैयाँबाट बढाएर २५ लाख रूपैयाँ पुऱ्याउनुपर्नेलगायतका माग समेटिएको छ ।

यस्तै, अनलाइन सञ्चारमाध्यमलाई लोक कल्याणकारी विज्ञापन उपलब्ध गराउन विगत दुई आर्थिक वर्षदेखि नै बजेट छुट्टयाइएको भए पनि कार्यविधिको अभावमा हालसम्म पनि कार्यान्वयनको बाटोमा अघि बढ्न नसकेको अवस्थामा तत्काल कार्यविधि बनाएर कार्यान्वयन गर्नुपर्ने, विज्ञापन बोर्डले लोक कल्याणकारी विज्ञापन प्रकाशित गरेबापतको रकम विभिन्न बाहनामा रोक्दै आएकोले त्यस्तो रकम तत्काल भुक्तान गर्न तथा पत्रपत्रिकालाई उपलब्ध गराउने सेवा सुविधाको प्रक्रियामासमेत सहजता प्रदान गर्न र विज्ञापन वोर्डको हरेक नीतिगत छलफलमा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको प्रतिनिधि अनिवार्य उपस्थिति रहने व्यवस्था गर्न शाखाले माग गरेको छ ।

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सुचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९/१२/०६**

श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-१०, सुर्खेतको सामुदायिक वन बाट २०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको बी ग्रेड साल जातको गोलीया काठ २० थान को २३६.९४ क्यूफिट काठ, सी ग्रेड साल जातको गोलिया काठ थान १०५ को ६९७.७८ क्यूफिट गरी साल जातको कुल १२५ थानको ९३४.७२ क्यूफिट र साल जातको दाउरा चट्टा ०.५ चट्टा काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सुचना यस श्री हरियाली सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-१०, सुर्खेत डिभिजन वन कार्यालय भेरी बावियाचौर, सुर्खेतको सुचना पार्टीमा टाँस गरिएको छ ।

**श्री हरियाली सामुदायिक वन उपभोक्ता समुह**
**पञ्चपुरी न.पा.-१०, सुर्खेत ।**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAMAR IRON SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/०५ | LT. No. 282900 | चलानी नं. ६०१९८३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KHOJI RECRUITMENT SERVICES PVT. LTD.**
Govt. License 902/067/68
Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5555792, 01-5555896
Email: khoji.nepal2022@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PATISSERIE SUISSE

पूर्व स्वीकृति मिति २०७९/१२/०५ | LT. No. 282946 | चलानी नं. ६०१९८३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner Worker | 5 | 0 | 1000 | ३५,७८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 0 | 2 | 1400 | ५०,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALI BIN HADI BIN SAAD AL QAHTANI CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७८/११/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०५ | LT. No. 258666 | चलानी नं. ६०१७५६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shovel Driver | 1 | 0 | 1800 | ६२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:१०,०००

कम्पनी : MASTERPIECES OF SINJAB CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/१५ | LT. No. 280278 | चलानी नं. ६०१९५७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Architect Labor | 4 | 0 | 1200 | ४१,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FERUNI CERAMICHE SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/११/१८ | LT. No. 281912 | चलानी नं. ६०१९७३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :ABDULLAH MOHAMMED SALEH AL KHALIFAH TRADING EST

पूर्व स्वीकृति मिति २०७९/१२/०३ | LT. No. 282887 | चलानी नं. ६०१९८२९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 1 | 0 | 1200 | ४१,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Rising Recruitment Pvt.Ltd.**
श्रम ईजाजत नं. ८७८/०६७/०६८
Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587

## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GEMINI FORCE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०५ | LT. No. 277473 | चलानी नं. ६०१९२९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 48 | 0 | 1500 | ४३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

कम्पनी : WATAD RENTAL EST.

पूर्व स्वीकृति मिति २०७९/०८/२८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०५ | LT. No. 277794 | चलानी नं. ६०१९३३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL BLOUSHI GENERAL CONTRACTING CO.

पुर्व स्वीकृति मिति २०७९/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०५ | LT. No. 279866 | चलानी नं. ६०१९५३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 8 | 0 | 1000 | ३४,७०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६२,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति २०७९/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०५ | LT. No. 278288 | चलानी नं. ६०१९३७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 59 | 900 | ३२,१३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manager | 2 | 3 | 3000 | १०७,१०० | | | | | | | |
| 3 | Waiter | 20 | 70 | 1000 | ३५,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
SOE श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIAN FUNG TRADING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०५ | LT. No. 279366 | चलानी नं. ६०१९४९५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 20 | 0 | 1500 | ४३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HEDGE ENGINEERING (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/११/१२ | LT No :281665 | चलानी नं. ६०१९७१४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BRIGHTEN INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/११ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०५ | LT No :276584 | चलानी नं. ६०१९२२१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 16 | 0 | 1500 | ४३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRANS WORLD Manpower CO.(P) Ltd.**
Govt. License 300/059/60
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

## Zero Cost Recruitment in Malaysia
## मलेसियामा शुन्य लागतको रोजगार

यो मागपत्र शुन्य निति अर्न्तगत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी रु ५००० (नँया राहदानी मात्र), मेडिकल रु ८६६४, भिषा शुल्क रु. ७०६४, यातायात खर्च रु. ७५० (अर्न्तवार्ताको समयमा दुई तर्फि र प्रस्थान अघि एक तर्फि), खाना र बस्न खर्च दिनको रु. ४५० (अर्न्तवार्ताको समयमा २ दिन र प्रस्थान अघि ४ दिन), अभिमुखिकरन रु. ७००, बिमा रु. ३७०८, कल्याणकारी कोष रु. १५००, फोटो २००, हवाई टिकट, (रोजगारदाताले बहन गर्दछ । This Recruitment Is Conducted Under A Zero-Cost Policy. All This Expenses (Passport 5000 (New Passport Only) Medical 8664, Visa 7064, Transport 750 (During The Interview Two Way And Before Departure One Way) Lodging And Food 450 Per Day (During The Interview 2 Days & Before Departure 4 Days), Orientation 700, Insurance 3708, Wale Fare Fund 1500, Air Ticket,) Including Agency Service Charge Will Be Borne By The Employer.

(NAME OF EMPLOYER): Altum Precision Sdn Bhd
रोजगारदाता कम्पनी : अलटुम प्रेसिजन एस.डीएन.बीएचडी

| पूर्व स्वीकृति मिति: २०७९/११/२९ (Pre Approval Date: 2023-03-13 | चलानी नं.: ६०१९८३९७ (Reference No. 60198397 | LOT No. 282397 | शहर: Senai |
|---|---|---|---|

| सि.नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलव RM | Monthly Basic Salary मासिक तलव ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facility बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker फ्याक्ट्री वर्कर | 30 ३० | 0 ० | Proficient in reading, speaking writing understanding in English with +2 pass अंग्रेजीमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने तथा +२ पास गरेको हुनु पर्ने | 1500 १५०० | 43,570 ४३,५७० | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताल व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

नोट : ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को महारजगंज काठमाण्डौ बाहेक कुनै पनि शाखा कार्यालय वा भर्ति शाखा नभएको जानकारी गराउछौं । यदि कसैले आफु ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. मध्यस्तकर्ता भएको दाबी गरेमा त्यो पुर्णत भुठो भएको सुचित गराउछौं । यस प्रा.लि. बाट वैदेशिक रोजगारीमा जाने कामदारहरुले कुनै पनि शुल्क तिर्नु पर्ने छैन तथा तपाईले पाउने तलब बाट कुनै पनि शुल्क कटौती गरिने छैन ।
Note : Trust Nepal Overseas Pvt Ltd. doesn't have any branches or recruiting branches, We would like to inform you that if anyone claimsto be a mediatorfor Trust Nepal Overseas that's completely false information. Any worker going for foreign employment through this agency are not required to pay any recruitment fees this means all the recruitment process will be free of cost and also ther will be no deduction from te salary.

Interview Date /Venue : अन्तर्वाताको मिति र स्थान
अन्तर्वाता ट्रष्ट नेपाल ओभरसिजप्रा.लि.को माहारजगँज काठमाण्डौ अफिस कार्यालयमा २०७९/१२/१३ गते हुनेछ ।
Interview will be held at Trust Nepal Overseas Pvt Ltd Maharajgunj Kathmandu Office Premises Dated 27 March 2023

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारी मुलुक सामाग्रीहरु जस्तै पर्चा ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्यन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand jpt related informative materials such as flyers, banners, flex placed at our office premises.
अन्तर्वातामा सहभागी हुनु हुने उमेदवारहरुले आफ्नो खोपको क्युआर कोड प्रमाणपत्र अनिवार्य रुपमा ल्याउन अनुरोध गर्दछौं।
Interview attending candidates must bring their QR Vaccination Certificate at the time of interview.

अन्तर्वाता कोभिड १९ को रोकथाम प्रकृया र सामाजिक दुरी कायम गरि आयोजना गरिनेछ ।
The interview shall be conducted by atheringto social distancing guidelines and COVID 19 Protocols.

अन्तर्वातामा सहभागी हुनु हुने उम्मेदबारहरुले अनिवार्य मास्कको प्रयोग गर्नु हुन अनुरोध गर्दछौं । Interview attending Candidates are strictly required to wear a mask during the interview. अवैध व्यक्ति वा भर्तिकर्ताहरु देखि सावधान रहनुहोस । Be aware of the illegal person or recruiter.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को नाम लिई कुनै व्यक्ति वा सँस्थाले कुनैपनि प्रकारको शंकासपद अवैद क्रियाकलापबाट अनुपयुक्त भर्ति शुल्कको माग गरेमा यस प्रा.लि. को हेल्पलाईन नम्बर ९८०२०२१३६१ वा ईमेल ठेगानमा info@trustnepal.com मा सम्पर्क गरि जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौ । तपाई ढुक्क हुनुहोस हामी तपाइको गोपिनियताको उच्च सम्मान गर्दै यसलाई सुरक्षित राख्ने प्रतिवद्दता व्यक्त गर्दछौं । If any individual or organization tries to demand any recruitment fees by any illegal and suspicious activites with workers by citing Trust Nepal Overseas's name. we request you to contact and report the issues to our helpline number 9802021361 or email us at info@trustnepal.com. Your confidentiality is highly respected and your indentity will be duely protected.

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment) :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name. २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) माउल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्यशर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेशजादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Budhanagar.

Trust Nepal Overseas (P.) Ltd.
दर्ता नं.: २५९/०५८/०५९,Govt Lic.No. 259/058/059
We are an eithical and responsible recruitment agency.
हामी एक नैतिक र जिम्मेवार रोजगारी संस्था हो ।

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोन: ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८, Hotline No. 9802021361
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## नेपाली श्रमिकलाई ठगिनबाट जोगाऊ

नेपालमा रोजगारीको अवसर नहुँदा वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता अद्यपि कायमै छ। अहिले पनि दैनिक हजारौंको संख्यामा नेपालीहरू वैदेशिक रोजगारीमा गइरहेका छन्। यसरी वैदेशिक रोजगारीमा जाने नेपालीहरू ठगीमा पर्ने क्रम नेपालबाटै सुरु हुन्छ। विदेशमा पठाइदिने नाममा विभिन्न व्यक्ति तथा कतिपय म्यानपावर कम्पनीबाटै उनीहरू ठगीमा पर्ने गरेका छन्। विदेशमा पुगेपछि उनीहरू झन् विभिन्न समस्यामा पर्ने गरेका छन्। विशेषगरी मलेसिया र खाडी मुलुकहरूमा बढी नेपाली समस्यामा पर्ने गरेका छन्। ती मुलुकमा नै सबैभन्दा धेरै नेपाली श्रमिकहरू रोजगारीका लागि पुग्ने गरेका छन्। अहिले पनि सो क्रम जारी छ।


यहीबीच वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगी विभिन्न कारणले नेपालीहरू जेलमा परेकासम्बन्धमा साउदीस्थित नेपाली दूतावासले जानकारी गराएको छ। दूतावासका अनुसार त्यहाँको जेलमा रहेका नेपालीहरूमध्ये अधिकांशलाई मदिरा ओसारपसार (कारोबार) गर्ने गरेको अभियोग लगाइएको दूतावासले उल्लेख गरेको छ।

दूतावासले साउदीको सेन्ट्रल जेलमा रहेका नेपालीहरूको संख्यालाई आधार मान्दै जेल परेकामध्ये अधिकांशलाई मदिरा कारोबारमा संलग्न रहेको अभियोग लागेको जनाएको छ। साउदीको सेन्ट्रल जेल निरीक्षण गर्दा झण्डै १५० नेपालीहरू बन्दी रहेका र त्यसको ८० प्रतिशत मदिरा ओसारपसार र खरिद बिक्रीमा संलग्न भएको अभियोगमा जेल परेको दूतावासको भनाइ छ।

अर्को गम्भीर कुरा के हो भने यसरी सोझा नेपालीहरूलाई जेलमा पुऱ्याउने काममा नेपालीहरू नै संलग्न रहेको दूतावासले जनाएको छ। नेपालीहरू मदिरा कारोबारको अभियोगमा जेल पर्नु दुःखद विषय हो। मदिराको कारोबार साउदीमा पूर्णतः गैरकानुनी मानिन्छ। साउदी कानुनअनुसार मदिरा उत्पादन, सेवन र बिक्री बितरण गर्नु अपराध हो। मदिरा बिक्रीवितरणको मात्राका आधारमा छ महिनादेखि वर्षौंसम्म जेल सजाय र जरिवाना भुक्तान गर्नुपर्छ। त्यसैले क्रियाकलापमा संलग्न नहुन सचेत गराउनुपर्ने आवश्यकता देखिन्छ। साथै, साउदीको कानुनबारे पर्याप्त जानकारी दिनुपर्छ।

आफ्ना चिनजानकै साथीभाइबाट यस्तो अभियोगमा फस्ने हुँदा सचेत हुनुपर्ने आवश्यकता देखिन्छ। यस्तो सचेतनाको सन्देश साउदीमा पुग्ने प्रत्येक श्रमिकसमक्ष पुऱ्याउन जरुरी छ। साथै, त्यहाँ बसेर आफ्नै नेपाली दाजुभाइलाई फसाउने व्यक्तिहरू पहिचान गरी कारबाही गर्नुपर्छ। यसका लागि साउदीस्थित दूतावासले प्रभावकारी कदम चाल्नुपर्छ। र, विभिन्न अभियोगमा जेलमा परेका नेपालीहरूको उद्धारका लागि पनि तत्काल कदम चाल्न जरुरी छ। यसतर्फ सरोकारवाला निकाय र सरकारको ध्यानाकर्षण होस्।

# उत्पादन र रोजगारी केन्द्रित विकासका अड्चन



डा. ठाकुरप्रसाद भट्ट

हामीले अभ्यास गर्दै आएको विकास कतिसम्म हचुवा छ भन्नलाई केही दृष्टान्त नै यथेष्ट हुने छन्। बुटवलमा ठूलो अन्तर्राष्ट्रिय सभाहल बनेको छ तर यसको सञ्चालनबारे कुनै टुंगो छैन। चक्रपथमा पानीजहाजको कार्यालय खडा भइसकेको छ। त्रिभुवन विश्वविद्यालयले आफ्नो पूरा जग्गा-परिसरको घेरबार र सुरक्षा गरेको छैन, जतासुकै लथालिंग छ तर हरेक भवन वा विभागले आ-आफ्ना परिसरमा कम्पाउण्ड पर्खाल लगाएका छन्। जबकि यी सबैको कम्पाउण्ड पर्खाल मिलाएर पूरै त्रिविवि परिसरको घेरबार गरी एकीकृत तवरमा सुरक्षा र संरक्षण गर्न सकिन्छ।

कतै ठूला भवन बनेको, अनि सडक बाटोको निर्माण हुँदै गरेको, अनि कतै उब्जाउ जग्गा नासिएर नयाँ बस्ती नै बसेको देखेपछि ओहो यहाँ त विकास भएछ, हुन थालेछ भनेर टिप्पणी गरेको सुन्न पाइन्छ। अझ जनमानसमा रहेको यही भावनामा खेलेर वा विषयवस्तुलाई गहिराइमा नबुझेरै भौतिक निर्माणलाई मात्र विकास भनेर त्यसैमा आफ्नो भूमिका देखाउने कोसिस राजनीतिक वृत्त र नीति निर्माताले गरिरहेको अवस्था छ।

मुलुकमा राजनीतिक प्रणालीमा परिवर्तन आएसँगै विकासको अवधारणामा पनि परिवर्तन आउनुपर्ने थियो। लोकतान्त्रिक प्रणालीमा जनताको खुला र सक्रिय सहभागितामा योजना प्रणाली लोकप्रिय, जनमुखी र प्रभावकारी हुनुपर्ने हो। अझ संघीय प्रणालीमा त सबै तहका योजना प्रणाली र त्यसबाट तर्जुमा गरिएका योजनाले विकास र सुशासनको प्रत्याभूत दिन सक्नुपर्ने हो। त्यसो नहुँदा दीर्घकालीन विकासको सोचभन्दा क्षणिक लोकप्रियता हासिल गर्ने खालका अनुत्पादक क्षेत्रमा लगानी गर्ने क्रम बढ्न गयो। आज करोडौं रूपैयाँ खर्चेर भ्युटावर बनाउने, स्वागत द्वार बनाउने, जथाभावी बाटो खोलिदिएर उब्जाउ जग्गामा बस्ती बसाल्ने, जोखिमयुक्त ठाउँमा पनि सडक बनाइदिने जस्ता काम हचुवा तालमा भइरहेका छन्।

यस खालको विकासप्रति सचेत तप्कामा आलोचना हुने गरे पनि सर्वसाधारण जनतामा रहेको भ्रम तथा टाठाबाठा र कर्मचारीतन्त्रले यस्तै विकासबाट राज्यको स्रोतसाधन दोहन गर्ने प्रवृत्ति मौलाएको छ। राजनीतिक वृत्तमा सस्तो र छिटो लोकप्रियता हासिल गर्ने र कमिसनसमेत कुम्ल्याउने नियतले आवश्यकता, प्राथमिकता, दिगो वातावरणजस्ता पक्षलाई बेवास्ता गरेर विनासकारी विकासको खेती भइरहेको छ। यो खालको विकासले सतहमा केही भइरहेको जस्तो देखिए पनि यसले दीर्घकालमा कुनै सार्थक लाभ नदिने तथ्य त हाम्रो अहिलेसम्मको विकासको परिणामले देखाइरहेकै छ। यस्तो नकारात्मक प्रभावको विकासको हचुवा र एकांगी प्रवृत्तिलाई समयमै रोकेर वास्तिवक प्राथमिकतामा आधारित दीर्घकालीन सोचसहितको एकीकृत विकासको सही नीति तय गर्न अत्यन्त जरुरी भइसकेको छ।

हामीले अभ्यास गर्दै आएको विकास कतिसम्म हचुवा छ भन्नलाई केही दृष्टान्त नै यथेष्ट हुने छन्। बुटवलमा ठूलो अन्तर्राष्ट्रिय सभाहल बनेको छ तर यसको सञ्चालनबारे कुनै टुंगो छैन। चक्रपथमा पानीजहाजको कार्यालय खडा भइसकेको छ। त्रिभुवन विश्वविद्यालय परिसरमा जाने हो भने यो अध्ययन अध्यापनको स्थल होइन व्यापारिक भवन निर्माणस्थल हो कि जस्तो प्रतीत हुन्छ। यस्तो किन लाग्छ भने त्रिविविले आफ्नो पूरा जग्गा-परिसरको घेरबार र सुरक्षा गरेको छैन, जतासुकै लथालिंग छ तर हरेक भवन वा विभागले आ-आफ्ना परिसरमा कम्पाउण्ड पर्खाल लगाएका छन्। जबकि यी सबैको कम्पाउण्ड पर्खाल मिलाएर पूरै त्रिविवि परिसरको घेरबार गरी एकीकृत तवरमा सुरक्षा र संरक्षण गर्न सकिन्छ। अर्थात् यहाँ गुरुयोजनाको अभाव छ, भवन जथाभावी बनेका छन् र अलगअलग कम्पाउण्ड ले घेरिएका छन् पूरै परिसरको साझा घेरबार छैन। गुरूयोजनाका आधारमा काम हुने हो भने यो स्थान हराभरा र व्यवस्थित अति नै सुन्दर हुने कुरामा कुनै शंका छैन। जब वौद्धिक र विज्ञ रहेको यस्तो संस्थामा त यस्तो अवस्था छ भने अन्यत्र के हालत होला भनेर सहजै अनुमान गर्न सकिन्छ। यी एकाध दृष्टान्तले नै हाम्रो विकासको पिछडिएको सोच र व्यवस्थापकीय कमजोरीको अवस्थालाई उजागर गर्छ।

अर्को थप दृष्टान्त राष्ट्रिय योजना आयोगले आयोजना बैंकको नीति अघि सारेको छ। तर, यो पनि फेरि विनाप्राथमिकताका नेताका पहुँचका योजनालाई समावेश गरेर अनुमोदन गर्ने बाटो बनिरहेको छ। भनिन्छ, करिब ५०० जति पुराना अधुरा योजना निर्माण सम्पन्न नभएर लथालिंग अवस्थामा रहेका छन्। भौतिक पूर्वाधारजस्तो प्रत्यक्ष देखिने र तुलानात्मकरूपमा सजिलो क्षेत्रको विकासको हालत त यस्तो छ भने सामाजिक, आर्थिक र मानवीय विकासबाट समाजकै रूपान्तरण गर्ने समग्र विकासको पक्ष कति कमजोर होला अनुमान गर्न कुनै कठिनाइ नहोला।

वास्तवमा हाम्रो विकास नीति र योजना प्रणाली कुनै गम्भीर विश्लेषणविना नै हचुवा शैलीमा चलिरहेको छ। उदाहरणका लागि यातायातको विकासका लागि हामीसँग सर्वप्रथमतः 'कनेक्टिभिटी'को गुरुयोजना जरुरी हुन्छ। यसका आधारमा यातायातका विविध योजना सडक, हवाई यातायातका पूर्वाधार विकास गरिन्छ।

त्यसैगरी स्वस्फूर्त बस्ती बनेपछि मात्र बस्ती विकास योजना गर्नु उल्टो र महँगो तरिका हो। हुनुपर्ने त भूउपयोग योजनाका आधारमा मात्र भौतिक पूर्वाधार र बस्ती विकासलगायत सामाजिक-आर्थिक विकासका काम गर्नुपर्ने हो।

भूउपयोग योजनाको अभावमा हचुवा र प्राथमिकताविहीन भौतिक निर्माणमा मात्र केन्द्रित विकासको दुष्चक्रले गर्दा अहम् महत्त्वको उत्पादन, बजार र रोजगारीको मूल कामले स्थान पाइरहेको छैन। उत्पादनमुखी विकासले प्राथमिकता नपाउँदा देशको अर्थतन्त्र आत्मनिर्भर हुन सकिरहेको छैन भने बेरोजगारी भयावह समस्या बनेको छ। उत्पादनको कुरा गर्दा सँगसँगै आउने विषय हो बजार। बजारविनाको उत्पादनले अर्थतन्त्रमा गति भर्न सक्दैन र यस्तो अवस्थामा रोजगारीको विस्तार पनि अवरुद्ध हुन जान्छ। त्यसैले हाम्रो विकासको मूल लक्ष कसरी उत्पादन बढाउने, उत्पादित वस्तुको बजार कसरी सुनिश्चित गर्ने भन्ने नै हुनुपर्छ। यसका लागि सबै विकासका क्रियाकलाप भौतिक पूर्वाधारदेखि जनशक्ति उत्पादन गर्ने शिक्षा प्रणालीसमेत उत्पादन र रोजगार मुखी हुनुपर्छ। यदि कुनै पनि विकास गतिविधिको उत्पादन र रोजगारसँग सम्बन्ध छैन भने त्यस्तो काममा स्रोतसाधन परिचालन गर्नु सीमित आर्थिक साधनलाई खेर फाल्नुसरह हो।

यसै सन्दर्भमा पञ्चायतकालमै त्यसबेलाका वरिष्ठ योजनाविद् डा. हर्क गुरुङसँग जोडिएको एउटा दृष्टान्त मनन गर्न उपयुक्त हुनेछ। त्यसबेलाका पञ्चायतका प्रतिनिधिहरूले विकास भनेकै सडक बुझ्ने प्रचलनबमोजिम नै सडक निर्माण योजनाका माग राखे छन्। सडकको माग सुनेर डा. गुरुङले त्यो सडक पुग्ने गाउँबाट के चिज बजारमा आउन सकिन्छ भनेर ती प्रतिनिधिहरूसँग सोधपुछ गरे छन्। यसबारेमा उनको भनाइ उत्पादन र बजारसँग नजोडिएको खण्डमा त्यहाँ बनाइने सडकको पूर्णउपयोगिता हुन नसक्ने र त्यसमा गरिएको लगानी सार्थक नहुने रहेछ। सायद यो विश्लेषणमा अहिले पनि विमति राख्ने ठाउँ नहोला। तथापि, हाम्रो विकास नीति र योजना तदनुरूप नहुँदा हाम्रो आर्थिक विकासको पाटो ज्यादै कमजोर अवस्थामा रहेको छ।

रोजगारी सिर्जनाको कुरा उत्पादनमूलक आर्थिक क्रियाकलापमा निर्भर हुने गर्छ। हामी यस्ता क्रिकलाप के हुन सक्छन् भनेर गम्भीर विश्लेषण नगरी हचुवा र सस्तो लोकप्रिय झल्कने प्रधानमन्त्री रोजगार, युवा स्वरोजगारजस्ता कार्यक्रम घोषणा गर्छौं। यी कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसक्दा केवल झारा टार्ने र सरकारी रकम सिध्याउने, कार्यकर्ता पोस्ने ठाउँ भएको छ। अर्कोतर्फ अर्थतन्त्रको आधार कृषिमा कसरी सुधार गर्ने, अनि कृषिमै आधारित औद्योगिक विकास गर्नेतर्फ हाम्रो गम्भीर विश्लेषण गरी योजनाहरू बन्न सकेका छैनन्। यसको फलस्वरूप रोजगारीको सिर्जना हुन सकिरहेको छैन।

हाम्रो शिक्षा प्रणाली र खासगरी प्राविधिक शिक्षाको पाटो पनि उत्पादन र रोजगारीसँग जोडेर अघि बढ्न सकेको छैन। परम्परादेखि वर्तमानसम्म पनि स्वदेश होस् वा विदेशमा होस् हामी नेपाली सामान्यतः कडा परिश्रम गर्ने जाति भनेर नै चिनिएका छौं। तर पनि दीर्घकालीन सोच, सही नीति, प्राथमिकता र योजनाको अभावमा हामीले उत्पादन र रोजगारमुखी विकासको बाटो समात्न चुकिरहेका छौं।

विकास योजना कुनै प्रक्रियाबाट होइन राजनीतिक नेता वा पद र शक्तिमा रहेकाको कोटको खल्तीबाट उत्पन्न हुने गरेको छ। यस्तो परिपाटी सरकारका तीनै तहमा बढ्दै जान थालेको गुनासो सुन्न थालिएको छ। सहाभागितामूलक र पारदर्शी योजना तर्जुमाको पद्धतिलाई स्थानीय समुदायबाटै अवलम्बन गर्ने नीतिलाई कडाइका साथ लागू नगरेसम्म मुलुकको आर्थिक विकासले सही गति लिन सक्दैन। अब विगतको हचुवा भौतिक निर्माणलाई मात्र विकास मान्ने गलत प्रतिमानमा फेरबदल ल्याउन गम्भीर विचारविमर्श गर्न जरुरी भइसकेको छ। *रासस*

*(लेखक काठमाडौं विश्वविद्यालयमा भिजिटिङ फ्याकल्टी एवं विकास, योजना र सुशासनसम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न छन्)*

## मननयोग्य

### विदुर नीति

'धर्मको गति बुझिनसक्नु छ' 'धर्मका तात्विक विषयहरू यत्रतत्र पाइदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छदैछन्। कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन। धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान्। भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ। धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ। धर्ममा नै सबै कुरा आबद्ध छन्। यसैले धर्मलाई परम तत्व भनिएको छ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन्। धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ। दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ। यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन्। यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ। तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन्। यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन्। क्रमशः

पत्र–मञ्जुषा

## गाडीको धुवाँले सर्वसाधारणलाई सास्ती

उपत्यकाभित्र वा बाहिरी जिल्लामा सञ्चालित निजी प्लेटका वा सार्वजनिक यातायात यत्रो कालो धुवाँको मुस्लो फालेर गुडिरहेको देखिन्छ। तर पनि ती सवारीको अगाडि हरियो स्टिकर टाँसिरहेको भेटिन्छ। गाडीबाट निस्किएको धुवाँका कारण बाटोमा हिँड्न पनि मुस्किल छ। हानिकारक धुवाँले आँखा पिरो हुन्छ, श्वास फेर्न गाह्रो र उत्तिकै सास्ती हुन्छ। मुख छोपेर हिँड्नुपर्ने बाध्यता छ, सर्वसाधारणलाई। यता, धुवाँकै कारणले मौसममा पनि निकै असर परेको छ।

सरकारले २० वर्ष कटेका सवारीसाधन हटाउने निर्णय गरिसकेको छ। सवारी दर्ता भएको मितिले २० वर्ष पुगेका गाडी विस्थापन गरिने भनेर कानुन बनिसकेको छ। जुन राजपत्रमा प्रकाशित गरेर कार्यान्वयनमासमेत गइसकेको छ। तर, ट्राफिक प्रहरीले जाँच नगर्दा बाटोमा खुलेआम आयु पुगेको गाडी दौडिरहेको छ। ट्राफिक निदाउँदा यसको मार सर्वसाधारणलाई परेको छ। ट्राफिक र यातायात व्यवसायीको मिलेमतोमा सरकारको निर्णयलाई लत्याउने काम भइरहेको छ।

अहिले पनि बाटोमा सिसा फुटेको, सिट सबै निस्किसकेको, कुच्चिएको गाडी गुडिरहेको छ। यस्ता सवारीमा यात्रा गर्न जोखिमपूर्ण छ भने यसले प्रदूषण र ट्राफिक जाम पनि उत्तिकै गरेको छ। तर, ट्राफिकलाई मतलब छैन। यातायात व्यवसायीहरूले यातायात कार्यालयका कर्मचारीलाई घुस खुवाएर हरियो स्टिकर र जाँचपास ल्याइरहेका छन्। गाडी बाटोमा गुडिरहेको हुन्छ। बिलबुक लगेर हरियो स्टिकर र जाँचपास पाउँछन्। यातायातका कर्मचारीको हातमा दुई हजार थमाइदियो भने छ महिनाको जाँचपास पाइन्छ।

त्यसमध्ये २०० रूपैयाँ सरकारको ढुकुटीमा जान्छ, अरु यातायातका कर्मचारीको खल्तीमा। त्यस्तै, हरियो स्टिकरका लागि पनि दुई हजार रूपैयाँ तिर्छन्। ५० रूपैयाँ राज्यको ढुकुटीमा जान्छ, एक हजार ९५० कर्मचारीको खल्तीमा। गाडी यात्रु बोकेर बाटामा गुडिरहेको हुन्छ, बिलबुकमा जाँचपास र प्रदूषण पास भनेर लेखिएको हुन्छ। ट्राफिक प्रहरी महाशाखा, यातायात व्यवस्था विभाग र वातावरण विभागले कहिले पनि बाटोमा छड्के जाँच गरेको पाइँदैन।

अनुगमन गर्ने निकाय नै निदाएपछि व्यवसायीलाई मनलाग्दी गर्ने आत्मबल त बढ्ने नै भयो। चढ्न नसक्ने गाडीहरू बाटामा गुडेका छन्। यात्रुचाहिँ सधैं थोत्रा, कबाडी सवारीमा यात्रा गर्नुपर्ने हो ? गाडी रङरोगन गरेको हुँदैन। टायर खिएका गाडीहरू गुडिरहेका छन्। सिटबाट किला निस्किरहेको हुन्छ। गाडी त्यस्तै फोहोर हुन्छ। झ्यालमा सिसा हुँदैन। यस्ता गाडीहरू जाँचपास भएका छन्। कर्मचारीहरू बिकाउ हुँदा यात्रुले पैसा तिरेर पनि राम्रो गाडी चढ्न पाएनन्।

यातायात व्यवसायीले गाडी मर्मत नै गर्दैनन्। समय-समयमा गाडी मर्मतसम्भार गर्नुपर्ने हुन्छ। गाडीको कन्डिसन ठीक छ कि छैन ? यो त हेर्नुपऱ्यो नि। यातायात व्यवसायीलाई जसरी पनि पैसा कमाउनु छ। तर, त्यस्ता गाडीका कारण यात्रुको ज्यान नै जोखिममा परेको छ। मर्न मन लागेर गाडी चढेजस्तै भएको छ। पैसा तिरेर यात्रा गर्नुपरेको छ। तर, कतिखेर ज्यान जाने हो थाहा छैन। गाडीको अवस्था ठीक नहुँदा पछिल्लो समय धेरै दुर्घटना भइरहेको छ।

यात्रुलाई गाडी कति वर्ष पुरानो हो ? थाहा हुँदैन। गाडी आएपछि यात्रु चढ्छन्, आफ्नो गन्तब्यमा नपुग्दै दुर्घटनामा परेर मर्छन्। यो क्रम अहिले व्यापक बढेको छ। सवारी दुर्घटनामा परेर ज्यान गुमाउनेको संख्या उच्च छ। यात्रुले बिलबुक मागेर चेक गर्ने कुरा भएन। ट्राफिक चेक गर्न चासो देखाउँदैन। सरकारका निकायहरू गैरजिम्मेवार हुँदा यात्रुहरूले अकालमा ज्यान गुमाइरहेका छन्। सरकारले आफ्नै निर्णय कार्यान्वयन गराउन नसक्दा यो अवस्था आएको हो।

*–कल्पना खड्का, नयाँबजार*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

# ‘कोशी’ नाम खारेजीको माग गर्दै प्रदर्शन

■ प्रभाव संवाददाता

**विराटनगर–** प्रदेश १ को नाम ‘कोशी’ नामांकन गरिएपछि असन्तुष्ट पक्षले आफ्ना विरोधका कार्यक्रमलाई निरन्तरता दिएका छन् । आइतबार विराटनगरमा कोशी नाम खारेजीको माग गर्दै प्रदर्शन गरिएको हो । उक्त प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप भएको छ। प्रदर्शनकारीको भीडलाई तित्तरबित्तर गर्न प्रहरीले दुई राउण्ड आश्रुग्यासससमेत छाडेको थियो ।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायब उपरीक्षक टीका कार्कीका अनुसार आइतबार दिउँसो महेन्द्र चोकमा भेला भएका ती समूहको प्रदर्शनलाई नियन्त्रण गर्ने क्रममा अश्रु ग्यास छोड्नुपरेको हो । तर, त्यसबाट कोही पनि हताहत नभएको उनले बताए । अपराह्नपछि विराटनगरको स्थिति सामान्य भए पनि प्रहरी सतर्कता बढाइएको थियो ।

कोशी प्रदेश नामाकरणसँगै असन्तुष्ट समूहबाट विरोध, धर्ना र जुलुस हुन थालेपछि सुरक्षामा असर पर्न सक्ने भएकाले जिल्ला प्रशासन कार्यालय मोरङले केही क्षेत्रमा निषेधित क्षेत्र तोकिएको सूचना जारी गरेको छ । सुरक्षा स्थितिलाई सहज एवं सामान्य तुल्याई राख्न जिल्ला सुरक्षा समिति मोरङको निर्णयानुसार आइतबार बिहान ६ बजेदेखि अर्को आदेश नभएसम्म निषेधित स्थानहरूमा सर्वसाधारण तथा सवारी साधन आवतजावतबाहेक कुनै पनि किसिमको सभा, जुलुस, भेला, ऱ्याली, धर्नाजस्ता कार्यहरू गर्न स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३ क) बमोजिम निषेध गरिएको थियो ।

## संक्रमणकालीन...

पृष्ठ १ बाट जारी

ल्याएको हो ।

मन्त्री शर्माले संक्रमणकालीन न्याय प्रक्रिया ढिलाइ भएको हुनाले छिटोभन्दा छिटो विषयलाई टुंग्याउनका लागि संसद्मा विधेयक पेस गरेकी हुन् । उनले द्वन्द्वका क्रममा गम्भीर मानवअधिकार उल्लंघनका घटना भएको र व्यक्ति बेपत्ता भएका हुनाले छानविन गर्न जरुरी रहेको बताइन् ।

